# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### सबै समस्याको समाधान मौद्रिक नीतिबाट मात्रै खोज्न नहुने

(गभर्नर डा. खतिवडा मौद्रिक नीति सम्बन्धी छलफल कार्यक्रममा)

आर्थिक वर्ष २०७०/७१ को मौद्रिक नीतिका सम्बन्धमा छलफल गर्ने उद्देश्यले साउन ९ गते आइ.वि.एन. मिडिया एन्ड रिसर्चद्वारा टेलिभिजन कार्यक्रम 'अर्थको अर्थ' का लागि 'आर्थिक वर्ष २०७०/७१ को मौद्रिक नीति र वित्तीय क्षेत्रको पुनः संरचना' विषयक एक कार्यक्रमको आयोजना गरियो ।



सो कार्यक्रमलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्नुहुँदै गभर्नर डा. युवराज खतिवडाले मौद्रिक नीतिका सरोकारवालाहरू धेरै विषय र क्षेत्रसँग सम्बन्धित हुने हुनाले आर्थिक वर्ष २०७०/७१ को मौद्रिक नीतिले सबैको चित्त बुझाउन नसक्नु स्वाभाविक रहेको धारणा राख्नुभयो । वित्तीय प्रणालीको नियामक निकायका रूपमा नेपाल राष्ट्र बैंकले मौद्रिक उद्देश्य र वित्तीय क्षेत्रका समस्यालाई इमानदारितापूर्वक सम्बोधन गर्ने उहाँले स्पष्ट पार्नुभयो ।

नेपाल राष्ट्र बैंकका निर्णय र निर्देशन अपरिवर्तनीय नहुने धारणा राख्दै उहाँले केन्द्रीय बैंकले सरोकारवालाहरूका कुरा सुन्ने, बुझ्ने, आवश्यकता अनुसार परिमार्जन गर्ने र सहजीकरण गर्ने कुरालाई सदैव आत्मसात गर्दै आएको सन्दर्भ स्पष्ट पार्दै उहाँले बैंकका नीतिहरू भविष्योन्मुख पनि छन् जसले बैंकको पारदर्शितालाई कायम राख्ने विश्वास व्यक्त गर्नुभयो ।

सरकार, बैंक र वित्तीय क्षेत्र एवं उद्योग वाणिज्य क्षेत्र लगायत सर्वसाधारण सरोकारवालाको चासोका कारण बैंकका नीतिगत निर्णयहरू वहसका विषय हुन सक्ने भन्नुहुँदै उहाँले केन्द्रीय बैंक राज्यको विकासको सहजकर्ता एवम् हिस्सेदार पनि रहने भएकाले नेपाल सरकारको विकासको अवधारणालाई मूर्त रूप दिन सहयोगीको भूमिका निर्वाह गर्नुपर्ने उहाँले स्पष्ट पार्नुभयो ।

सामान्यतयाः बैंकका नीतिगत निर्णयहरू सरोकारवालाहरूसँग छलफलपछि मात्र ल्याइने हुँदा सो लागु भइसकेपछि कार्यान्वयनमा सम्झौता हुन नहुने उहाँको स्पष्ट धारणा थियो ।




व्याजदर अन्तरका सम्बन्धमा चर्चा गर्दै गभर्नर खतिवडाले मौद्रिक नीतिमा

व्याजदर अन्तरको विषय त्यसै आएको नभई बैंक वित्तीय संस्थाहरूले निक्षेपमा दिने र कर्जामा लिने व्याजदरबीच ठूलो फरक राखेकाले त्यसलाई ग्राह्य स्तरमा झार्नु पर्ने आवश्यकताबाट प्रेरित रहेको बताउनुभयो ।

वैधानिक तरलता अनुपात र अनिवार्य नगद अनुपात घटाउँदैमा लगानीयोग्य कोषको आपूर्ति नबढ्ने र यसका लागि कर्जा निक्षेप अनुपात समेत बढाउँनु पर्ने भन्ने बैंकरहरूको धारणाका सम्बन्धमा उहाँले कर्जा निक्षेप अनुपात बढाउने कार्य आत्मघाती हुन सक्ने कुरा राख्दै केन्द्रीय बैंकका नीति व्याजदर उचित स्तरमा राखेर निक्षेप अभिवृद्धि हुने र वातावरण बनाउने तर्फको सङ्केतका रूपमा बुझ्न आग्रह गर्नुभयो ।

बैंकिङ्ग विज्ञ परशुराम कुँवर क्षेत्रीले कार्यपत्र प्रस्तुत गर्नु भएको उक्त कार्यक्रममा नेपाल बैंकर्स संघका अध्यक्ष राजनसिंह भण्डारी, नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक केशवप्रसाद आचार्य तथा आयोजक संस्थाका मेनेजिङ डाइरेक्टर हृदयराज गौतमले समेत नयाँ मौद्रिक नीतिका सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभएको थियो ।

२०७० साउन ९ गते, बुधवार

गभर्नरको कार्यालय